# रामेछाप नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
३ नं प्रदेश, नेपाल

www. ramechhapmun.gov.np
Email: ramechhapmun@gmail.com
फोन नं. :- ०४८–४००११७ (प्रमुख)
०४८–४००११८ (उप प्रमुख)
०४८–४००११६ (प्र.प्र.अधिकृत)
फ्याक्स नं.:- ०४८–४०००१२


सूचना प्रकाशित मिति :-२०७५/०३/१४

**शिलवन्दी दरभाउपत्र आव्हानको सुचना।**

रामेछाप नगरपालिका अर्न्तगत वडा नं. ३, साँघुटारमा शनिवार र वडा नं. ८ रामेछाप वजारमा विहिवार साप्ताहिक रुपमा एकपटक लाग्दै आएको हाटवजारमा आ. व. ०७५/०७६ को लागि बहाल बिटौरी शुल्क ठेक्कामा दिनु पर्ने भएको हुदा तपसिलको शर्तको अधिनमा रहि शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नेपाली नागरिक वा इजाजत प्राप्त संघ सस्थाले रु ३००/–फाराम दस्तुर फिर्ता नहुने गरि यस कार्यालयमा दाखिला गरि शिलवन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. शिलवन्दी दरभाउपत्रमा फाराममा आफ्नो नाम, ठेगाना, कवुल गरेको अंक र अक्षेरुपीमा प्रष्ट लेखि शिलवन्दी गरि १६औं दिनको दिउसो १२.०० वजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। दर्ता हुन आएको शिलवन्दी दरभाउपत्र सोही दिन दिनको २.०० वजे सम्वन्धीत कार्यालयको प्रतिनिधीको रोहवरमा खोलिनेछ। उक्त शिलवन्दी दरभाउपत्र खोल्ने समयमा शिलवन्दी दरभाउपत्रदाताको उपस्थिती नरहेको खण्डमा शिलवन्दी वोलपत्र खोल्न वाधा हुने छैन।

३. शिलवन्दी दरभाउपत्र साथ आफुले कवोल गरेको अंकको २.५ प्रतिशतले हुने धरौटी रकम रामेछाप नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य वैक मन्थली शाखामा रहेको धरौटी खाता नम्वर १६८०३०३००७१०६ मा जम्मा गरेको प्रमाण वा इजाजत प्राप्त वित्तिय संस्थाले जारी गरेको ९० दिन अवधी भएको वोलकवोल जमानी पत्र पेश गर्नु पर्नेछ। दरभाउपत्र साथ पेश भएको नगदलाई मान्यता दिईने छैन।

४. शिलवन्दी खरिद र दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको पहिलो दिन सोही स्थान र समयमा हुनेछ।

५. शिलवन्दी दरभाउपत्रदाताले भाग लिन अयोग्य नभएको प्रस्तावित कार्यमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धीत पेशा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाए नपाएको तथा यस नगरपालिकालाई तिर्नु पर्ने वक्यौता नरहेको भनि लिखित रुपमा सो घोषित पत्र पेश गर्नु पर्नेछ।

६. एउटा फर्मको नाममा खरिद भएको शिलवन्दी अर्काको नाममा दाखिला गर्न पाईने छैन।

७. हाटवजार ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०७६. साल आषाढ मसान्त सम्मको लागि मात्र हुनेछ।

८. हाटवजार ठेक्काको न्यूनतम कवोल गरेको अंक रामेछाप न. पा. ८ रामेछापवजारको हकमा रु.१,२५,०००।– र रामेछाप न.पा. ३, साँघुटार वजारको हकमा रु. ५०,०००।– मात्र हुनेछ।

९. रामेछाप नगरपालिकाले तोकिएको दररेट भन्दा वढी रकम अशुल गर्न पाईने छैन। हाटवजारको सुरक्षा संरक्षण तथा रेखदेख ठेकेदार स्वयमले गर्नु पर्नेछ।

१०. हाटवजार ठेक्कामा लिए वापत नियमानुसार लाग्ने कर, दस्तुर शुल्क ठेकदार स्वयम आफुले वुझाउनु पर्नेछ।

११. हाटवजार सेवा शुल्क उठाउन तोकीएको दररेटको साईनवोर्ड लेखाई ठेक्का स्थलमा ठेकेदारले स्वयम राख्नु पर्ने छ।

इश्वर राज दाहाल
प्रमुख प्रशासकिय अधिकृत

# रामेछाप नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
३ नं प्रदेश, नेपाल

www. ramechhapmun.gov.np
Email: ramechhapmun@gmail.com
फोन नं. :- ०४८–४००११७ (प्रमुख)
०४८–४००११८ (उप प्रमुख)
०४८–४००११६ (प्र.प्र.अधिकृत)
फ्याक्स नं.:- ०४८–४०००१२


१२. हाटवजार सेवा शुल्क उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फवाट छपाई सो रसिद रामेछाप न.पा.वाट प्रमाणित गरि गराई मात्र प्रयोग गर्नु पर्नेछ ।

१३. दरभाउ स्वीकृत भएको सुचना पाएको मितिले ७ दिन भित्र कवोल गरेको सम्पूर्ण रकम दाखिला गरी संझौता गर्नु पर्ने छ । तोकीएको म्याद भित्र संझौता गर्न नआएमा वा दाखिला गर्नु पर्ने रकम दाखिला नगरेमा धरौटी रकम जफत गरिनेछ ।

१४.मिति २०७५ साल श्रावण १ गते देखि २०७६ आषाढ मसान्त सम्म वर्ष १ को लागि देहायको चारकिल्लातोकिएको छ,तसर्थ उक्त चार किल्ला भित्र मात्र हाटकर उठाउन पाउनेछ । जुन चारकिल्ला यस प्रकार रहेको छ : -

**रामेछाप न.पा.३ साँघुटार वजारको चार किल्ला कायम**

- पूर्वमा : साघुटार वजार पुल सम्म ।
- पश्चिम : भ्यागुरे खोला धारा ।
- उत्तर : लिखु खोला ।
- दक्षिण : हिमगंगा उ. मा. वि. साघुटार ।

**रामेछाप न.पा.८ रामेछाप वजारको चार किल्ला कायम**

- पूर्वमा : रेलीमाया चोक तथा रामेछाप नगरपालिकाको हालको कार्यालय सम्म ।
- पश्चिम : लोकसम्मत चौतारी मानेडाँडाँ ।
- उत्तर : गौरिशंकर वहुमुखी क्याम्पस गेट ।
- दक्षिण : वुटेन ।

१५. यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक नियमावली, २०६४ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ एवम् प्रचलित अन्य कानुन वमोजिम हुनेछ ।

१६. माथि लेखिएका सम्पूर्ण शर्तहरु सोही अनुसार हुनेछ, साथै ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ ।

**नोट : विस्तृत जानकारीको लागि रामेछाप नगरपालिकामा सम्पर्क गर्न सकिन्छ ।**
**सम्पर्क नं. ०४८–४०००१२, ०४८–४००११६ र ९८४९६३२२३५**

ईश्वर राज दहाल
प्रमुख प्रशासकिय अधिकृत

इश्वर राज दाहाल
प्रमुख प्रशासकिय अधिकृत